## पोखरा विश्वविद्यालय
# परीक्षा नियन्त्रण कार्यालय

## २१ औं दीक्षान्त समारोहमा भाग लिन Online फाराम भर्ने सम्बन्धी सूचना

**(प्रकाशित मितिः २०८२/०९/२३)**

मिति २०८२ साल फाल्गुन ०८ गते (February 20, 2026) आयोजना हुन गइरहेको पोखरा विश्वविद्यालयको २१ औं दीक्षान्त समारोहमा भाग लिन स्नातक, स्नातकोत्तर, एम.फिल. तथा विद्यावारिधि तह उत्तीर्ण गरिसकेका विद्यार्थीहरुले परीक्षा नियन्त्रण कार्यालयको Website: exam.pu.edu.np मार्फत Online फाराम भर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। दीक्षान्त समारोहमा भाग लिने सम्बन्धी Online फाराम Website मा **मिति २०८२/१०/०१ गतेदेखि २०८२/१०/२०** गतेसम्म मात्र उपलब्ध हुनेछ। उक्त अवधिभित्र कुनै पनि समयमा फाराम भर्न सकिनेछ।

**आवेदन फाराम भर्ने विधि तथा आवश्यक कागजातहरुः**

१. पोखरा विश्वविद्यालयको Website: exam.pu.edu.np मा राखिएको online आवेदन फाराम आवेदक स्वयंले भरी online बाट नै आवेदन फाराम submit गर्नुपर्नेछ। नेपाली नाम Aalekh Font मा Type गर्नुपर्नेछ।

२. मिति २०८१ साल माघ २४ (February 06, 2025) गते पछि Transcript Issue भएका विद्यार्थीहरुले मात्र यस दीक्षान्त समारोहमा सम्मिलित हुन पाउनेछन्।

३. दीक्षान्त समारोहमा सम्मिलित हुन विद्यार्थीहरुले मिति २०८२ साल माघ ११ गते (तदनुसार January 25, 2026), सम्ममा Transcript प्राप्त वा Transcript को लागि आवेदन गरिसकेको हुनुपर्नेछ।

४. विद्यार्थीले फाराम भरेको विवरणको आधारमा Convocation Certificate तयार हुने हुँदा Online फाराम भर्दा नेपाली नाम नागरिकता अनुसार र English नाम Transcript अनुसार भर्नुपर्नेछ। विवरण गल्ती भरी Certificate Mistake हुन गएमा स्वंयम् विद्यार्थी नै जिम्मेवार हुनेछ।

५. Online फाराम भर्दा PP (1.1"×1.4") साईजको फोटो, नागरिकताको प्रमाणपत्र र Transcript scan गरी Upload गर्नुपर्नेछ। Scan गर्दा सबै Document Coloured हुनुपर्नेछ।

६. Online फाराम भरिसकेपछि,आवेदकले फाराम भर्दा प्रयोग गरेको Online Portal को Dashboard मा विद्यार्थीले गाउन लिन तथा फिर्ता गर्न आउँदा प्रयोग हुने Slip डाउनलोड गर्न सक्नेछ। विद्यार्थीले दीक्षान्त पोशाक लिन र फिर्ता गर्न आउँदा उक्त Slip अनिवार्य रुपमा ल्याई परीक्षा नियन्त्रण कार्यालयमा बुझाउनु पर्नेछ।

७. दीक्षान्त समारोहमा सम्मिलित हुने विद्यार्थीले दीक्षान्त प्रमाणपत्र शुल्क वापत रु. ५,०००/- र दीक्षान्त पोशाक धरौटी वापत रु. २,५००।- गरी जम्मा रु. ७,५००।- (अक्षरुपी रुपैयाँ सात हजार पाँच सय मात्र) अनिवार्य रुपमा Online Portal मार्फत नै जम्मा गर्नुपर्नेछ।

८. धरौटी रकम रु. २,५००।- बाट रु. ३००।- दीक्षान्त पोशाकको Maintenance Charge कट्टा गरिनेछ।

९. दीक्षान्त पोशाक वितरण मिति २०८२ साल फाल्गुन ६ र ७ गतेका दिन बिहान १०:०० बजेदेखि बेलुका ४:३० बजेसम्म परीक्षा नियन्त्रण कार्यालय, पोखरा-३०, ढुङ्गेपाटन, कास्कीबाट हुनेछ।

१०. दीक्षान्त पोशाक फिर्ता दीक्षान्त समारोहको कार्यक्रम सम्पन्न भएको १ घण्टा पश्चात् र भोलिपल्ट बिहान ८:०० बजेदेखि बेलुका ३:०० बजेसम्म परीक्षा नियन्त्रण कार्यालय, पोखरा-३०, ढुङ्गेपाटन, कास्कीबाट हुनेछ।

११. दीक्षान्त पोशाक वापतको धरौटी फिर्ताको लागि विद्यार्थीले आफ्नो नामको बैङ्क खाताको विवरण (बैङ्कको नाम, बैङ्क खाता नम्बर र बैङ्कको शाखा) स्पष्ट रुपमा भर्नुपर्नेछ।

१२. अन्य विस्तृत जानकारीका लागि तथा Online फाराम भर्दा केही समस्या आएमा पोखरा विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, पोखरा-३०, ढुङ्गेपाटन, कास्कीमा प्रत्यक्ष तथा फोन नं. ०६१-५०४०८६, ०६१-५०४१४६ र ०६१-५०४०८७ मा सम्पर्क राख्न वा support.convocation@pu.edu.np मा इमेल गर्न सकिनेछ।